वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक ११३ | २०८३ भदौ ०५ गते शुक्रबार, नेपाल सम्वत् ११४६ August 21, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



**सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुल :** पोखरा–मुग्लिन सडक आयोजना अन्तर्गत पोखराको सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुल। वि.सं. २०७९ साउनमा ठेक्का सम्भौता भएको पुलको 'डाउनस्ट्रिम' तर्फको स्ल्याब ढलान सकिएको र टावर निर्माणको काम सकिएको छ । रसुवा कन्स्ट्रक्सनले भ्याटवाहेक रू ९४ करोडमा निर्माणको जिम्मा लिएको छ । *तस्बिर : भञ्ज्याङ*

# पहाडी क्षेत्रमा जलसञ्चय : स्थानीय विकासको आधार

**डा चेतनाथ कणेल**/काठमाडौं

नेपाल जलस्रोतमा धनी देश हो भन्ने कुरा हामीले पुस्तौंदेखि सुन्दै आएका छौं तर पानीको स्रोत हुनु र आवश्यक परेका समयमा आवश्यक ठाउँमा पानी उपलब्ध हुनु एउटै कुरा होइन । पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण हाम्रो जलचक्रमा तीव्र परिवर्तन भइरहेको छ । बढ्दो तापक्रम, अनियमित वर्षा, लामो खडेरी, पानीका मुहान सुक्नेक्रम र हिमाली क्षेत्रमा समयमा हिउँ नपर्ने समस्याले नेपालका पहाडी तथा हिमाली बस्तीको भविष्यप्रति गम्भीर प्रश्न खडा गरेको छ । यस्तो अवस्थामा अब पानीको संरक्षण र जलसञ्चयलाई स्थानीय तहको विकासको एउटा प्रमुख आधार नबनाई सुखै छैन ।

जलवायु परिवर्तनका असर हामीले समाचारमा मात्र होइन, आफ्नै गाउँघर र वरिपरिको प्रकृतिमा देख्न थालेका छौं । गर्मी बढ्दै गएको छ । पानीका परम्परागत मुहान सुक्दै छन् । वर्षायाममा पनि पानी पर्नेक्रम कतिपय ठाउँमा घटेको छ भने पानी पर्दा एकैपटक ठूलोमात्रामा पर्ने र त्यसपछि लामो समयसम्म पानी नपर्ने प्रवृत्ति बढिरहेको छ । एकातिर आकस्मिक बाढी र पहिरोको जोखिम बढेको छ भने अर्कोतिर लामो खडेरी र सुक्खाको समस्या गहिरिँदै गएको छ । हिउँले सेताम्मे हुनुपर्ने पहाड तथा हिमाली क्षेत्र पनि समयमा हिउँ नपर्दा वा कम हिउँपर्दा 'काला पहाड'मा परिणत हुँदै गएका दृश्य असामान्य लाग्न छाडेका छन् । समग्रमा जलवायुजन्य समस्या बर्सेनि थपिँदै गएको छ ।

यसको प्रत्यक्ष असर मानव जीवनमा परेको छ। पानीका मुहान सुक्दा बस्ती नै छोडेर अन्यत्र जानुपर्ने अवस्था सिर्जना भइरहेको छ। समयमा खेतीपाती लगाउन नपाउँदा उत्पादन घट्ने, खाद्य सङ्कट निम्तिने र अनिकाल तथा



भोकमरीका दुःखद् कथा बढ्ने सम्भावना छ। पशुपालन, वनस्पति, वन्यजन्तु र समग्र जैविक प्रणाली अर्थात् पारिस्थितिकीय प्रणाली (इकोलोजिकल सिस्टम) पनि पानीको अभावबाट प्रभावित हुँदैछन्। त्यसैले जलवायु परिवर्तनसँग जुध्ने स्थानीय अनुकूलनको पहिलो आधारमध्ये पानी व्यवस्थापनलाई लिनुपर्छ भन्ने तर्क आजभोलि झन् प्रखर बन्दै गइरहेको छ ।

**जलसञ्चय अभियान**

हामीले अब बगेर खेर जाने पानीलाई सकेसम्म रोक्नुपर्छ । वर्षायाममा आउने पानीलाई हिउँदयामका लागि सञ्चित गर्नुपर्छ। यसको एउटा सरल, स्थानीय र व्यावहारिक उपाय पहाडी क्षेत्रमा कृत्रिम ताल, पोखरी, कुण्ड तथा साना जलाशय निर्माण गर्नु हो । यस्ता संरचनाले तत्काल खानेपानीको आवश्यकता पूरा गर्ने मात्र होइन, जमिनमा चिस्यान कायम राख्न, भुजल पुनर्भरण (रिचार्ज) गर्न, वनस्पति र घाँसे मैदानलाई हरियो राख्न तथा स्थानीय वातावरणलाई सन्तुलित बनाउन सहयोग पुऱ्याउँछन् ।

केही पालिकाहरूले यस दिशामा काम गरेर उदाहरण प्रस्तुत गरिसकेका छन्। तर पोखरी निर्माण र जलस्रोत संरक्षणले अझै पनि स्थानीय तथा राष्ट्रिय विकासको अपेक्षित प्राथमिकता पाउन सकेको छैन । अब हरेक प्रदेश र पालिकाले आफ्नो भौगोलिक अवस्था, पानीको उपलब्धता र स्थानीय आवश्यकताका आधारमा जलसञ्चयको दीर्घकालीन योजना बनाउन आवश्यक छ । पोखरी संरक्षण, नयाँ पोखरी निर्माण, पुराना कुलो तथा धाराको पुनर्जीवन, सिमसार क्षेत्रको संरक्षण र वर्षाको पानी संकलनलाई एउटै अभियानका रूपमा अघि बढाउनुपर्छ।

म भर्खरै मुस्ताङबाट फर्केको छु। जोमसोम तथा मुक्तिनाथ वरिपरि ३६० डिग्रीमा फर्केर हेर्दा एउटा कुरा निकै स्पष्ट देखिन्छ

बाँकी अन्तिम पेजमा

# तनहुँमा एक वर्षमा ४७ वन्यजन्तुको उद्धार

**भञ्ज्याङ समाचारदाता**/दमौली

डिभिजन वन कार्यालय तनहुँले गत आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका विभिन्न स्थानबाट ४७ वटा वन्यजन्तुको उद्धार गरेको छ। मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा जैविक विविधता संरक्षण अभियानअन्तर्गत बस्तीमा छिरेका, घाइते भएका तथा अप्ठ्यारोमा परेका वन्यजन्तुको उद्धार गरिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिए । सोही अवधिमा एउटा स्याल मृत अवस्थामा फेला परेको थियो ।

बस्ती तथा सहरी क्षेत्रमा वन्यजन्तु देखा पर्ने क्रम बढेसँगै स्थानीयवासीले समयमै वन कार्यालयलाई खबर गर्ने क्रम पनि बढेको कार्यालयले जनाएको छ। स्थानीयको सूचना र सहकार्यका कारण वन्यजन्तुको उद्धार तथा व्यवस्थापन कार्य थप प्रभावकारी बनेको डिभिजन वन कार्यालयको भनाइ छ ।

वन्यजन्तु मानव बस्तीमा प्रवेश



डिभिजन प्रमुख रानाभाटका अनुसार उद्धार गरिएका ४७ वन्यजन्तुमध्ये ४२ वटा जिउँदो, एउटा घाइते र चार वटा मृत अवस्थामा फेला परेका थिए । जिउँदो उद्धार गरिएका वन्यजन्तुको प्राथमिक स्वास्थ्य परीक्षण गरी अवस्था सामान्य भएपछि सुरक्षित प्राकृतिक वासस्थानमा छाडिएको उनले बताए।

कार्यालयका अनुसार उद्धार गरिएका वन्यजन्तुमध्ये सबैभन्दा धेरै विभिन्न प्रजातिका २७ वटा सर्प रहेका छन् । त्यसैगरी चार वटा अजिङ्गरको समेत उद्धार गरिएको छ । एक वर्षको अवधिमा चार वटा चितुवा फेला परेकामा दुई वटा जिउँदो, एउटा घाइते र एउटा मृत अवस्थामा रहेका थिए।

त्यस्तै, छ वटा मृग उद्धार गरिएकामा पाँच वटा जिउँदो र एउटा मृत अवस्थामा फेला परेका थिए । तीन वटा भार्से, एउटा चरिबाघ र एउटा गिद्धको जिउँदै उद्धार गरिएको डिभिजन प्रमुख गर्नुका पछाडि प्राकृतिक वासस्थानको खुम्चिँदै जानु, आहाराको खोजीमा वन्यजन्तु बस्ती नजिक आउनु तथा वन क्षेत्रमा हुने मानवीय गतिविधि प्रमुख कारण मानिन्छन् । यस्तो अवस्थामा वन्यजन्तुलाई मार्नु वा लखेट्नुको सट्टा सम्बन्धित निकायलाई खबर गरी सुरक्षित उद्धारमा सहयोग गर्नु आवश्यक हुन्छ ।

वन्यजन्तुको संरक्षणसँगै मानव बस्तीमा हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकाय, वन कार्यालय र समुदायबीचको सहकार्य अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ। समयमै सूचना प्राप्त भए वन्यजन्तुको सुरक्षित उद्धार गरी प्राकृतिक वासस्थानमा पुनःस्थापित गर्न सहज हुने भएकाले कार्यालयले स्थानीयवासीलाई वन्यजन्तु देखिएमा तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गरेको छ ।

# नारेश्वर तालमा पानी जम्मा हुन सुरु

**भञ्ज्याङ समाचारदाता**/दमौली

नारेश्वर तालममा पानी जम्मा हुन थालेको छ । पुरिएको ताल उत्खनन गरी पानी जम्मा गर्न थालिएको हो । उक्त तालमा करिब २५ हजारदेखि ३० हजार घनमिटर पानी भण्डारण गर्न सकिन्छ । तनहुँको व्यास नगरपालिका–१० मा पर्ने उक्त ताल करिब २८ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

तालको बाँध तथा अन्य संरचना निर्माण पूरा भएसँगै पानी जम्मा गर्न सुरु गरिएको हो । ताल व्यास नगरपालिकाको गौरवको आयोजना हो । निर्माण उपभोक्ता समितिका अध्यक्ष विजय दरैले ताल आकर्षक देखिन थालेकाले यहाँ आन्तरिक पर्यटक घुम्न आउन थालेका छन्। यहाँ आउने पर्यटकले फेसबुक, टिकटकमा भिडिओ र फोटो पोष्ट गर्दा तालको महत्व बढ्दै गएको छ ।

उनले नारेश्वर काललाई कृषि, पर्यटन, वातावरण र स्थानीय रोजगारीसँग जोडिएको बहुउद्देश्यीय आयोजनाका रूपमा विकास गर्ने लक्ष्य राखिएको जानकारी दिए । "तालमा पानी जम्मा हुन थालेसँगै आयोजनाको महत्वपूर्ण चरण पूरा भएको छ। अब यसको उपयोगलाई कसरी बढीभन्दा बढी प्रभावकारी बनाउने भन्ने विषयमा ध्यान दिनुपर्ने अवस्था छ", उनले भने, "सिँचाइसँगै पर्यटन प्रवर्द्धन र स्थानीय आर्थिक

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# नारेश्वर ताल : पानीसंगै समृद्धिको सम्भावना

तनहुँको व्यास नगरपालिकाले वडा नं. १० मा निर्माण गरेको नारेश्वर तालमा पानी जम्मा हुन थालेसँगै एउटा लामो समयदेखि उपेक्षित सम्भावना पुनः जागृत भएको छ। पुरिएको ताल उत्खनन गरी करिब २८ रोपनी क्षेत्रफलमा फैलिएको जलाशय निर्माण गरिनु र त्यसमा पानी सञ्चय सुरू हुनु केवल एउटा पूर्वाधार निर्माण सम्पन्न भएको विषय मात्र होइन, स्थानीय विकासको नयाँ आधार तयार हुनु पनि हो । करिब २५ हजारदेखि ३० हजार घनमिटर पानी भण्डारण गर्न सक्ने क्षमताको यो ताललाई सही ढङ्गले उपयोग गर्न सके कृषि, पर्यटन, वातावरण संरक्षण र रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुऱ्याउन सक्छ । नेपालका धेरै ग्रामीण क्षेत्रमा विकासका सम्भावना प्रशस्त छन्, तर ती सम्भावनालाई आर्थिक गतिविधिसँग जोड्ने योजनाको कमी छ । प्राकृतिक स्रोतलाई संरक्षण गर्दै स्थानीय जनजीवनसँग जोड्न सकिए ग्रामीण क्षेत्रको अर्थतन्त्र बलियो बनाउन सकिन्छ । नारेश्वर ताल पनि यस्तै सम्भावना बोकेको आयोजना हो । तालमा पानी जम्मा हुन थालेको प्रारम्भिक अवस्थामै आन्तरिक पर्यटक पुग्न थालेका छन्। सामाजिक सञ्जालमा तालका दृश्य प्रचार हुन थालेपछि यसको चर्चा बढ्नुले पनि पर्यटकीय सम्भावनाको संकेत गरेको छ।

ग्रामीण पर्यटन आज केवल मनोरञ्जनको विषय रहेन । स्थानीय उत्पादन, रोजगारी, होटल तथा रेष्टुरेन्ट, यातायात, हस्तकला र कृषि उपजको बजार विस्तारसँग पर्यटनलाई जोड्न सकिन्छ। कुनै ठाउँमा पर्यटक पुग्दा त्यसको प्रत्यक्ष लाभ स्थानीय समुदायले पाउन सके मात्र पर्यटन दिगो बन्छ । नारेश्वर ताललाई पनि घुम्न आउने मानिसले फोटो खिच्ने र फर्किने ठाउँमा सीमित नगरी स्थानीय अर्थतन्त्र चलायमान बनाउने गन्तव्यका रूपमा विकास गर्न आवश्यक छ । ताल वरपर व्यवस्थित वनभोजस्थल, पैदलमार्ग, विश्रामस्थल, सुरक्षित जलविहार, दृश्यावलोकन स्थल तथा स्थानीय संस्कृति र खानाका परिकारको प्रवर्द्धन गर्न सकिन्छ । तर पर्यटकीय पूर्वाधार निर्माण गर्दा प्रकृतिमाथि अनावश्यक दबाब नपर्ने कुरामा विशेष ध्यान दिनुपर्छ । तालको सुन्दरता बढाउने नाममा अव्यवस्थित संरचना बनाउने, फोहोर बढाउने वा जलचर तथा जैविक विविधतामा असर पार्ने काम गर्नु हुँदैन । पर्यटन र वातावरणबीच सन्तुलन कायम गर्नु नै दीर्घकालीन सफलताको आधार हो । नारेश्वर तालको अर्को महत्वपूर्ण पक्ष कृषि हो। दुम्सीचौर आसपासका किसानका लागि सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले तालसँगै सिँचाइ ट्याङ्की निर्माण गरिएको छ। वर्षाको पानीमा निर्भर भएर खेती गर्नुपर्ने अवस्थालाई कम गर्न सकिए कृषि उत्पादनमा वृद्धि ल्याउन सकिन्छ। नियमित सिँचाइको सुविधा भएपछि किसानले मौसमी खेतीमा मात्र निर्भर हुनुपर्ने बाध्यता हटाउन सक्छन् । तरकारी, फलफूल तथा अन्य नगदेबाली उत्पादन विस्तार गर्न सके स्थानीय किसानको आम्दानीसमेत बढ्न सक्छ ।

कृषिसँग पर्यटनलाई जोड्ने सम्भावना पनि उत्तिकै महत्वपूर्ण छ । ताल घुम्न आउने पर्यटकलाई स्थानीय किसानले उत्पादन गरेका ताजा तरकारी, फलफूल, अचार, मह, दुग्धजन्य वस्तु तथा अन्य रैथाने उत्पादन बिक्री गर्न सक्ने वातावरण बनाउन सकिन्छ। यसले एकातिर किसानलाई बजार उपलब्ध गराउँछ भने अर्कोतिर पर्यटकलाई स्थानीय उत्पादनसँग जोड्छ । तालको पानीले कृषि उत्पादन बढाउने र पर्यटकले त्यस उत्पादनको बजार सिर्जना गर्ने चक्र निर्माण गर्न सके नारेश्वर क्षेत्रको आर्थिक गतिविधि थप बलियो बन्न सक्छ । यस आयोजनाबाट रोजगारी सिर्जनाको सम्भावनालाई पनि बेवास्ता गर्न मिल्दैन । ताल सञ्चालन तथा व्यवस्थापन, सरसफाइ, सुरक्षा, पर्यटन सेवा, जलविहार, होटल तथा रेष्टुरेन्ट, कृषि उत्पादन र स्थानीय उत्पादनको बिक्रीलगायतका क्षेत्रमा स्थानीय युवालाई रोजगारी दिन सकिन्छ । रोजगारीकै खोजीमा गाउँ छाडेर बाहिरिने युवालाई स्थानीय स्तरमै अवसर सिर्जना गर्ने प्रयास ग्रामीण विकासको महत्वपूर्ण पक्ष हो । ताललाई स्थानीय युवाको उद्यमशीलतासँग जोड्न सके यसको प्रभाव अझ व्यापक बन्न सक्छ । तर पूर्वाधार बनेपछि त्यसको संरक्षण र सञ्चालन झन् महत्वपूर्ण हुन्छ । करिब चार करोड रूपैयाँको लगानीमा निर्माण भएको आयोजनालाई प्रभावकारी रूपमा सञ्चालन गर्न दीर्घकालीन योजना आवश्यक छ । पानीको नियमित व्यवस्थापन, बाँध तथा संरचनाको संरक्षण, सिँचाइ प्रणालीको सञ्चालन, सरसफाइ, पर्यटकको सुरक्षा र वातावरण संरक्षणलाई प्राथमिकतामा राखिनुपर्छ । ताल निर्माण गरेर छाड्ने होइन, त्यसको उपयोगबाट निरन्तर लाभ लिने प्रणाली बनाउनुपर्छ ।

नारेश्वर ताल व्यास नगरपालिका र गण्डकी प्रदेश सरकारको साझेदारीमा निर्माण भएको गौरवको आयोजना भएकाले यसको व्यवस्थापनमा पनि स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ । स्थानीयवासीलाई आयोजनाको लाभग्राही मात्र होइन, संरक्षण र सञ्चालनको साझेदार बनाउन सके अपनत्व बढ्छ । स्थानीय आवश्यकता र सुझावका आधारमा योजना बनाउँदा आयोजनाको दिगोपनासमेत बलियो हुन्छ । नारेश्वर ताल अहिले पानीले भरिन थालेको छ । यो पानी केवल तालमा जम्मा भएको पानी नहोस्; यसले खेतमा उत्पादन, गाउँमा रोजगारी, व्यवसायमा गति र पर्यटनमा नयाँ सम्भावना ल्याओस्। विकासको वास्तविक अर्थ संरचना निर्माणमा मात्र होइन, त्यसले स्थानीय नागरिकको जीवनमा ल्याउने परिवर्तनमा हुन्छ । त्यसैले नारेश्वर ताललाई कृषि, पर्यटन, वातावरण र स्थानीय अर्थतन्त्रको साझा केन्द्र बनाउनेतर्फ अबको ध्यान केन्द्रित हुनुपर्छ । तालको पानीसँगै देखिएको सम्भावनालाई योजनाबद्ध रूपमा अघि बढाउन सकियो भने नारेश्वर व्यास नगरपालिकाको एउटा सुन्दर ताल मात्र रहने छैन, ग्रामीण पर्यटन र स्थानीय समृद्धिको नमुना गन्तव्य बन्न सक्नेछ । अब चुनौती ताल बनाउनु होइन, ताललाई स्थानीय जनजीवनको आयआर्जन र समृद्धिसँग जोड्नु हो ।

# कर बढाएर मात्र बलियो हुँदैन अर्थतन्त्र

सरकारका लागि कर राजस्वको मुख्य स्रोत हो भने नागरिकका लागि कर आर्थिक भार हो। नागरिकले कमाएको, उपभोग गरेको वा व्यवसायबाट कमाएको मूल्यको केही हिस्सा राज्यलाई बुझाउँछ र त्यसको प्रतिफलमा सार्वजनिक सेवा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सुरक्षा तथा सामाजिक संरक्षणको अपेक्षा गर्छ। आर्थिक विधेयकलाई केवल करका दर बढाउने घटाउने दस्तावेजका रूपमा बुझ्नु पर्याप्त हुँदैन। यो राज्यले कस्तो अर्थतन्त्र बनाउन खोजेको छ भन्ने राजनीतिक तथा आर्थिक दस्तावेज हो।आर्थिक विधेयक, २०८३ मा मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार महसुलजस्ता परम्परागत राजस्वका स्रोतसँगै विद्युतीय सेवा कर, शिक्षा तथा स्वास्थ्य समता शुल्क, हरित कर र स्वच्छ पूर्वाधार लगानी शुल्कजस्ता नयाँ वा परिमार्जित व्यवस्थाहरु समेटिएका छन्। यसले सरकार राजस्वको दायरा विस्तार गर्न चाहेको देखाउँछ।

तर यहाँ मूल प्रश्न के हो भने राजस्वको दायरा विस्तारसँगै उत्पादन, रोजगारी र नागरिकको आर्थिक क्षमता पनि विस्तार कर प्रशासनको दक्षता र अन्तर्राष्ट्रिय समन्वय उत्तिकै आवश्यक हुन्छ।कर प्रणाली आधुनिक बनाउने हो भने करका नयाँ शीर्षक थप्ने मात्र होइन, कर प्रशासन पनि आधुनिक बनाउनुपर्छ।

**समता शुल्क को असली परीक्षा**

विधेयकको शिक्षा तथा स्वास्थ्य समता शुल्कको उद्देश्य सुन्दा आकर्षक छ। निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने शुल्कमा शिक्षा समता शुल्क र निजी स्वास्थ्य सेवा प्रदायकले बिरामीबाट लिने सेवा शुल्कमा स्वास्थ्य समता शुल्क लगाउने व्यवस्था गरिएको छ। प्राप्त रकम गुणस्तरीय शिक्षा, शैक्षिक पूर्वाधार तथा स्वास्थ्य सेवा र पूर्वाधारमा खर्च गर्ने भनिएको छ।यसले निजी क्षेत्रबाट सिर्जित आर्थिक स्रोतको केही हिस्सा सार्वजनिक हितमा परिचालन गर्ने अवधारणा अघि सारेको छ। सामाजिक न्यायको दृष्टिले यो सकारात्मक हुन सक्छ। तर यहाँ एउटा गम्भीर प्रश्न छ– यसको वास्तविक भार कसले तिर्छ ? विद्यालयले समता शुल्क अभिभावकको शुल्कमा काम हो। राज्यले कठिन काम रोज्नुपर्छ।विद्यार्थीलाई विदेश जानबाट रोक्ने होइन, स्वदेशमै भविष्य देख्ने अवस्था सिर्जना गर्नु शिक्षा नीतिको लक्ष्य हुनुपर्छ।

**हरित करको हरियोपन जोगिएला?**

पेट्रोल र डिजेलमा प्रतिलिटर १.५० रूपैयाँ हरित करको व्यवस्था गरिएको छ। प्रदूषण गर्ने इन्धनमा कर लगाएर वातावरणीय लागतको केही हिस्सा असुल गर्नु अर्थशास्त्रीय रूपमा उचित तर्क हो। तर हरित करको विश्वसनीयता यसको नाममा होइन, खर्चमा निर्भर हुन्छ। हरित करबाट उठेको रकम सामान्य राजस्वमा मिसिएर प्रशासनिक वा नियमित खर्चमा गयो भने त्यसको वातावरणीय औचित्य कमजोर हुन्छ। यस्तो रकम सार्वजनिक यातायात सुधार, विद्युतीय यातायात, चार्जिङ पूर्वाधार, प्रदूषण नियन्त्रण र स्वच्छ ऊर्जामा लगानी गर्न सके मात्र नागरिकले यसको प्रतिफल अनुभव गर्न सक्छन्। हरित कर उठाउने हो भने त्यसको खर्च पनि हरित हुनुपर्छ।




गर्ने लक्ष्य विधेयकमा कति बलियो छ ? नेपालको अर्थतन्त्र अहिले पनि आयात, उपभोग र विप्रेषणमा ठूलो भर परेको छ। यस्तो संरचनामा कर उठाउने सजिलो बाटो उपभोगमा कर लगाउनु हो। तर उपभोगमा आधारित करले राज्यलाई तत्काल राजस्व त दिन्छ तर दीर्घकालीन उत्पादन क्षमता भने आफैं निर्माण गर्दैन। त्यसैले कर नीतिको अन्तिम उद्देश्य राजस्व संकलनभन्दा माथी हुनु पदर्छ ।

**करको आधार फराकिलो हुनु सकारात्मक**

विधयकले डिजिटल अर्थतन्त्रलाई करको दायरामा ल्याउने प्रयास गरेको छ। नेपालका प्रयोगकर्तालाई गैरबासिन्दाले उपलब्ध गराउने विद्युतीय सेवामा २ प्रतिशत विद्युतीय सेवा कर लगाउने व्यवस्था गरिएको छ र वार्षिक ३० लाख रूपैयाँसम्मको कारोबारलाई छुट दिइएको छ।डिजिटल अर्थतन्त्र विस्तार भइरहेको अवस्थामा यस्तो व्यवस्था स्वाभाविक छ। भौतिक सीमाभन्दा बाहिर सञ्चालन हुने डिजिटल कारोबारबाट सिर्जित आर्थिक मूल्यलाई कर प्रणालीमा समेट्नु राज्यको दायित्व पनि हो। तर कानुनमा कर तोक्दैमा कर उठ्दैन। डिजिटल कारोबार पहिचान गर्ने क्षमता, तथ्यांकमा पहुँच, थपिदियो भने करको भार अभिभावकमाथि पुग्छ। अस्पतालले बिरामीको बिलमा थपिदियो भने बिरामीले नै तिर्छ। त्यस अवस्थामा समता शुल्क नाममा प्रगतिशील देखिए पनि व्यवहारमा यो उपभोक्तामाथिको अर्को अप्रत्यक्ष कर बन्न सक्छ। त्यसैले सरकारले यस्ता शुल्कबाट उठेको रकम कहाँ खर्च भयो भन्ने मात्र होइन, त्यसको भार अन्ततः कसले वहन गऱ्यो भन्ने पनि सार्वजनिक गर्नुपर्छ। शिक्षा र स्वास्थ्यमा समता ल्याउने हो भने कर उठाउनेसँगै सार्वजनिक सेवाको गुणस्तर सुधार हुनुपर्छ।

**विदेश जाने विद्यार्थीलाई कर, स्वदेशमा शिक्षा सुधार कहिले ?**

विदेश अध्ययनका लागि विदेशी मुद्रा सटही गर्दा शिक्षा सेवा शुल्क लिने व्यवस्था पनि विधेयकमा छ।राजस्वका हिसाबले यसलाई औचित्यपूर्ण मान्न सकिएला। तर नेपालबाट ठूलो संख्यामा विद्यार्थी विदेश जाने प्रवृत्तिलाई केवल शुल्क लगाएर सम्बोधन गर्न सकिँदैन। यसको जड उच्च शिक्षाको गुणस्तर, अनुसन्धानको अवस्था, रोजगारीको अवसर र भविष्यप्रतिको भरोसासँग जोडिएको छ। विद्यार्थी विदेश जान्छन् भनेर शुल्क लगाउनु सजिलो नीति हो। तर उनीहरूलाई स्वदेशमै अध्ययन गर्न आकर्षित गर्ने वातावरण बनाउनु कठिन

**ऊर्जा क्षेत्रमा कर छुट तर नीति स्थिरता खै ?**

नेपालको आर्थिक रूपान्तरणका लागि ऊर्जा क्षेत्रको सम्भावना असाधारण छ। जल, सौर्य तथा वायु ऊर्जाबाट विद्युत् उत्पादन, वितरण तथा प्रसारण आयोजनाका आवश्यक उपकरण, मेसिनरी, ब्याट्री तथा अन्य सामग्रीमा मूल्य अभिवृद्धि कर छुटको व्यवस्था विधेयकले गरेको छ। उत्पादन लागत घटाउन र ऊर्जा पूर्वाधार विस्तार गर्न यस्तो सहुलियत उपयोगी हुन सक्छ। तर नेपालमा लगानीको समस्या कर दर मात्र होइन। नीतिगत अस्थिरता, प्रशासनिक ढिलाइ, जग्गा प्राप्ति, प्रसारण पूर्वाधार, वित्तीय लागत र उत्पादित विद्यतको बजारजस्ता प्रश्न अझ महत्वपूर्ण छन् । त्यसैले लगानीकर्तालाई कर छुटसँगै विश्वास चाहिएको छ। आजको कर नीति भोलि बदलिन्छ कि बदलिँदैन भन्ने अनिश्चितता रहिरह्यो भने छुटले मात्र दीर्घकालीन लगानी आकर्षित गर्दैन।

**कर छुट : प्रोत्साहन कि राजस्वको क्षति ?**

विधेयकमा विभिन्न आयोजना तथा क्षेत्रमा कर, शुल्क र महसुल छुट दिने व्यवस्था छ। विदेशी ऋण वा सहायता

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ कामको योजना बन्नेछ। रोकिएका काम अघि बढ्नेछन्। व्यापार–व्यवसायमा सुधार आउनेछ।

**वृष**
आजको दिन उत्साहजनक रहनेछ। मेहनतको उचित परिणाम प्राप्त हुनेछ। आर्थिक पक्ष बलियो बन्नेछ।

**मिथुन**
विवाद हुनसक्ने भएकाले संयम अपनाउनुहोला। आर्थिक कारोबार गर्दा सावधानी आवश्यक छ।

**कर्कट**
नयाँ अवसरले उत्साह थप्नेछ। रोकिएको धन प्राप्त हुने सम्भावना छ। प्रेम तथा दाम्पत्य सम्बन्धमा आत्मीयता बढ्नेछ।

**सिंह**
उच्च अधिकारीको सहयोग प्राप्त हुनेछ। व्यापारमा लाभ मिल्नेछ। यात्राको अवसर आउन सक्छ।

**कन्य**
नयाँ काम सुरू गर्न अनुकूल समय छ। आर्थिक लाभको सम्भावना देखिन्छ। साथीभाइबाट सहयोग मिल्नेछ।

**तुला**
काममा केही ढिलाइ भए पनि अन्ततः सफलता हात लाग्नेछ। आर्थिक कारोबार मा सोचविचार गर्नुहोला।

**वृश्चिक**
आत्मविश्वास बढ्नेछ। जिम्मेवारी पूरा गर्न सफल हुनुहुनेछ। व्यवसायमा नयाँ सम्भावना देखिनेछ।

**धनु**
आजको दिन मिश्रित रहनेछ। कामको चाप बढ्न सक्छ। महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नुहोला।

**मकर**
मेहनतअनुसार उपलब्धि प्राप्त हुनेछ। नयाँ काम वा लगानीका लागि अवसर मिल्न सक्छ।

**कुम्भ**
काममा सफलता मिल्नेछ। सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ। व्यापारमा लाभ प्राप्त हुन सक्छ।

**मीन**
मनमा रहेका योजना कार्यान्वयन गर्ने अवसर मिल्नेछ। आर्थिक क्षेत्रमा सकारात्मक परिवर्तन आउनेछ।

# कर बढाएर मात्र बलियो ........

तथा लगानीसम्बन्धी सम्झौतामा भएको प्रावधानअनुसार आयोजना विशेषलाई कर छुट दिन सकिने व्यवस्था पनि छ। राष्ट्रिय प्राथमिकताका परियोजनालाई कर सहुलियत दिनु गलत होइन । तर कर छुटलाई नीतिगत अनुशासनभित्र राख्न आवश्यक छ।कुनै उद्योगलाई कर छुट दिइयो भने त्यसबाट कति रोजगारी सिर्जना भयो ? उत्पादन कति बढ्यो ? आयात प्रतिस्थापन भयो कि भएन? निर्यात बढ्यो कि बढेन ? प्रविधि हस्तान्तरण भयो कि भएन ? यी प्रश्नको जवाफ नखोजी दिइने छुट अन्ततः सार्वजनिक राजस्वको लागतमा निजी लाभ बन्न सक्छ।कर छुटलाई उपहार होइन, राज्यको लगानीका रूपमा हेर्नुपर्छ। राज्यले राजस्व छाडेको बदलामा अर्थतन्त्रले के पायो भन्ने हिसाब हुनुपर्छ।

**कर नतिर्नेलाई पटक पटक अवसर कि न ?**

विधेयकले बाँकी कर, शुल्क तथा दस्तुर निश्चित अवधिभित्र तिरेमा जरिवाना तथा ब्याज मिनाहा गर्ने व्यवस्था गरेको छ।यसबाट सरकारलाई तत्काल बक्यौता उठाउन सहयोग पुग्न सक्छ। करदातालाई पनि पुरानो दायित्वबाट बाहिर आउने अवसर मिल्छ। तर यस्तो व्यवस्था बारम्बार दोहोरिँदा कर संस्कृतिमै समस्या आउन सक्छ। समयमै कर तिर्ने करदाताले प्रश्न गर्न सक्छ मैले समयमै कर किन तिरें ? पछि तिर्दा त जरिवाना र ब्याज नै मिनाहा हुने रहेछ, कर प्रशासनको उद्देश्य करदातालाई सजाय दिनु होइन, स्वेच्छिक अनुपालन बढाउनु हो। त्यसैले कर मिनाहा अपवाद हुनुपर्छ परम्परा होइन ।

**संकटमा परेकालाई राहत आवश्यक**

विधेयकले आन्दोलनका क्रममा क्षति भएका उद्योग, व्यापार तथा व्यवसायका लागि राहतको व्यवस्था पनि गरेको छ। क्षतिग्रस्त व्यापारिक मौज्दात तथा भवन, फर्निचर, मेसिन र उपकरणको पुनर्स्थापनासम्बन्धी कर तथा भन्सार सुविधा यसै सन्दर्भमा राखिएको छ।वास्तविक क्षति बेहोरेका व्यवसायलाई पुनः सञ्चालन गर्न यस्तो राहत आवश्यक हुन्छ। व्यवसाय बचेमा रोजगारी र उत्पादन पनि बच्न सक्छ।तर राहत वितरणमा पारदर्शिता अनिवार्य छ। वास्तविक पीडितभन्दा पहुँचवालाले सुविधा पाए भने राहत नीति नै अविश्वसनीय हुन्छ।

आर्थिक विधेयक २०८३ का प्रावधानहरु हेर्दा सरकारको ध्यान राजस्व परिचालनसँगै डिजिटल अर्थतन्त्र, वातावरण, शिक्षा, स्वास्थ्य, ऊर्जा र लगानीतर्फ पनि गएको देखिन्छ। यो सकारात्मक दिशा हो। तर नेपालको मूल समस्या राजस्व कम उठ्नु मात्र होइन। उत्पादन कमजोर छ, औद्योगिक आधार साँघुरो छ, रोजगारीको पर्याप्त अवसर छैन र आयातमा निर्भरता उच्च छ । यस्तो अर्थतन्त्रमा करको दर र शीर्षक थप्दै जानुले मात्र दीर्घकालीन समाधान दिँदैन । राज्यले नागरिकबाट कर उठाउनुपर्छ तर कर तिर्न सक्ने नागरिक र व्यवसायको आर्थिक क्षमता पनि राज्यले बढाउनुपर्छ । उद्योगबाट कर उठाउने हो भने उद्योग फस्टाउने वातावरण बनाउनुपर्छ। व्यवसायबाट राजस्व चाहिने हो भने बजार विस्तार गर्नुपर्छ । रोजगारीबाट आयकर चाहिने हो भने रोजगारी सिर्जना गर्नुपर्छ ।

अन्ततः करको आधार अर्थतन्त्र हो, अर्थतन्त्र कमजोर राखेर करको आधार बलियो बनाउन सकिँदैन। आर्थिक विधेयकको सफलता कति रकम उठ्यो भन्नेमा मात्र नापिनु हुँदैन। यसले कति उत्पादन बढायो, कति रोजगारी सिर्जना गऱ्यो, कति लगानी भित्र्यायो, सार्वजनिक शिक्षा र स्वास्थ्य कति सुधारियो र करदाताको राज्यप्रतिको विश्वास कति बढायो हेरिनु पदर्छ । नेपाललाई अहिले थप कर शीर्षकभन्दा बढी उत्पादनमुखी अर्थनीति चाहिएको छ। कर प्रशासनमा कठोरता चाहिन्छ तर करदाताप्रति न्याय पनि हुनु पदर्छ। राजस्व चाहिन्छ तर त्यसको उपयोगमा जवाफदेहिता पनि हुनु पदर्छ। लगानी चाहिन्छ तर नीतिगत स्थिरता पनि चाहिन्छ।आर्थिक विधेयक २०८३ ले यी दिशातर्फ केही महत्वपूर्ण संकेत गरेको छ तर यसको वास्तविक परीक्षा कार्यान्वयनमा हुनेछ। कर छुट, मिनाहा र शुल्कको भारमा पारदर्शिता, न्याय, जवाफदेहिता र नीतिगत स्थिरता सुनिश्चित गर्नु यसको मुख्य चुनौती हो । (लेखक जनज्योति क्याम्पस, भिमाद, तनहुँका सहप्राध्यापक हुन् ।)


## व्यक्ति एउटै भएको सूचना

लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका वडा नं. ०९ निवासी भारतीय भू.पू. सैनिक नं. ५४४३७०८, पल्टन १/५GR पेन्सन पट्टा नं. 19866/87, TS NO. 136415 का हवल्दार **सेर बहादुर गुरूङ दुरा**को पेन्सन अभिलेखमा निजको जन्ममिति सन् २५/०२/१९५३ रहेको र निजको नेपाली नागरिकता प्रमाणपत्र नं. ४४७ मा जन्म मिति २००६/०४/१० रहेको र निजको श्रीमती **सोमया गुरूङ**ले प्राप्त गरेको नेपाली ना.प्र.न.. ४२८ मा नाम थर **सोमया गुरूङ**, जन्म मिति २००६/०३/१५ भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा नाम थर **सोम माया**, जन्ममिति २५/०२/१९४६ भई फरक परेतापनि उल्लेखित नामथर र जन्ममिति गरेको व्यक्ति फरक फरक नभई एकै भएको बेहोरा मध्यनेपाल नगरपालिका, ०९ नं. वडा कार्यालयको च.नं. ६४, मिति २०८३/०४/२७ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सविधाको प्रयोजनार्थ मात्र अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**



## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०५/०३*

भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको मिति २०८३/०५/०३ गतेको च.नं. ४० को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको एक जना करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

**विज्ञापन नं.** : ००१/२०८३/०८४
१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०५/१७ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०५/१८ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**पुनश्च** : करार सूचिमा नाम भएका उम्मेदवारले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणसहित उपस्थित भएमा योग्यता क्रमको आधारमा नियूक्तिको प्रक्रिया अगाडि बढाइने छ । करार सूचिका उम्मेदवार नआएमा खुल्ला उम्मेदवारबाट छनोट गरिनेछ ।

प्रधानाध्यापक

**श्री शान्ति आधारभूत विद्यालय**

भानु नगरपालिका-४, खातीथोक, तनहुँ ।
सम्पर्क : ९८४६१९५३७८, ९८२५१६०३२३
Emil: shantibasicschool861@gmail.com


# नारेश्वर तालमा पानी .....

गतिविधि बढाउने गरी तालको विकास गर्ने योजना छ ।"

नारेश्वर ताल निर्माणको उद्देश्य स्थानीय कृषि क्षेत्रलाई आवश्यक पानी उपलब्ध गराउनु पनि हो । तालसँगै सिँचाइ ट्याङ्की निर्माण गरिएको छ । तालमा जम्मा भएको पानी तानेर नजिकैका कृषि क्षेत्रमा वितरण गर्ने व्यवस्था मिलाइने व्यास नगरपालिका-१० का वडाध्यक्ष खेमराज पोखेलले बताए।

यसबाट दुम्सीचौर आसपासका किसानलाई सिँचाइ सुविधा उपलब्ध हुने अपेक्षा गरिएको छ। वर्षाको पानीमा निर्भर भएर खेती गर्नुपर्ने अवस्थालाई कम गर्दै नियमित सिँचाइ सुविधा उपलब्ध गराउनसके कृषि उत्पादन बढाउन सहयोग पुग्ने उहाँको विश्वास छ।

नारेश्वरताललाई आगामी दिनमा व्यास नगरपालिकाको आन्तरिक पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्ने योजना रहेको नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताए। पानी भरिएपछि यसको प्राकृतिक सौन्दर्य बढ्ने भएकाले यहाँ जलविहार, वनभोजस्थल तथा अन्य पर्यटकीय पूर्वाधार निर्माण गर्ने योजना छ । ताल आसपास आवश्यक संरचना निर्माण गर्दै स्थानीय तथा बाह्य पर्यटक आकर्षित गर्ने न्यौपानेको भनाइ छ। ताललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नसके आसपासका क्षेत्रमा होटल, रेष्टुरेन्ट, स्थानीय उत्पादनको बिक्री तथा अन्य सेवामूलक व्यवसाय विस्तार हुने अपेक्षा गरिएको छ ।

उनले भने, "नारेश्वर ताललाई घुम्न आउने ठाउँ मात्र होइन, स्थानीयको आयआर्जनसँग जोडिने गन्तव्यका रूपमा विकास गर्नुपर्छ। ताल वरपर आवश्यक पूर्वाधार विकाससँगै स्थानीय उत्पादन र व्यवसायलाई पनि जोड्ने योजना बनाउनुपर्छ ।"



नारेश्वर ताल व्यास नगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त साझेदारीमा निर्माण भएको हो । आयोजनाको अनुमानित लागत करिब रू चार करोड रहेको छ। नारेश्वर ताललाई नगरपालिकाले केबल एउटा कृत्रिम जलाशयका रूपमा नभई कृषि, पर्यटन, वातावरणीय संरक्षण र रोजगारी सिर्जनालाई जोड्ने आधारका रूपमा लिएको नगरप्रमुख न्यौपानेले बताए । तालको नियमित संरक्षण, पानीको व्यवस्थापन, सिँचाइ प्रणालीको प्रभावकारी सञ्चालन तथा पर्यटकीय पूर्वाधार निर्माणलाई सँगसँगै अघि बढाउनुपर्ने देखिएको छ । रासस


**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
**फोन : ०६५-५६३९०७, ९८५६०६०३७६ मा सम्पर्क गर्नुहोला ।**
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com



## मर्स्याङ्दी पोल्ट्री प्रा.लि.द्वारा संचालित मर्स्याङ्दी ह्याचरी उद्योगको स्तरोन्नति कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति: २०८३/०५/०५)**

गण्डकी प्रदेश, तनहुँ जिल्ला, आँबुखैरेनी गाउँपालिकामा मर्स्याङ्दी पोल्ट्री प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: मर्स्याङ्गदी पोल्ट्री प्रा. लि.<br>ठेगाना: आँबुखैरेनी गा.पा.-०२, मार्किचोक, तनहुँ<br>इमेल: marshyangdipoultry@gmail.com<br>फोन नं.: ९८५११५६३९९ |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश, तनहुँ जिल्ला, आँबुखैरेनी गाउँपालिका वडा नं. २, मर्किचोकमा हाल सञ्चालनमा रहेको ह्याचरी उद्योगको स्तरोन्नति तथा उत्पादन क्षमता वृद्धि गरी उद्योगमा प्यारेन्ट कुखुराबाट प्राप्त गुणस्तरीय अण्डालाई आधुनिक ह्याचरी प्रविधिको प्रयोग गरी प्रशोधन तथा ह्याचिङमार्फत गुणस्तरीय चल्ला उत्पादन गर्ने उद्देश्य रहेको छ। |
| प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका | तनहुँ जिल्ला/आँबुखैरेनी गाउँपालिका वडा नं २ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न आँबुखैरेनी गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: मर्स्याङ्गदी पोल्ट्री प्रा.लि.<br>ठेगाना: आँबुखैरेनी गा.पा.-०२, मार्किचोक, तनहुँ<br>इमेल: marshyangdipoultry@gmail.com फोन नं.: ९८५११५६३९९ |
| परामर्शदाताको नाम र ठेगाना | नाम: अधिका कन्सलटेन्सी प्रा. लि.<br>ठेगाना: का.म.न.पा-३१, नयाँ बानेश्वोर, काठमाडौं<br>इमेल: adhikaconsultancy@gmail.com फोन नं: ९८४९१५९९३५ |



## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.द्र.द.नं. २/२०७८/०७९
२०८३ भदौ ०५ गते शुक्रबार
August 21, 2026

# भानुभक्त क्याम्पसको ४०औं वार्षिकोत्सवमा बृहत स्वास्थ्य परीक्षण तथा परामर्श शिविर हुने

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसको ४०औँ वार्षिकोत्सवको अवसरमा व्यास नगरपालिका र चितवन मेडिकल कलेज (सीएमसी) अस्पताल, भरतपुरको सहकार्यमा बृहत सामुदायिक स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्श शिविर आयोजना गरिने भएको छ । व्यास नगरपालिका-१० दुम्सीस्थित व्यासनगर अस्पतालमा आगामी भदौ १४ गते शनिबार र १५ गते आइतबार शिविर सञ्चालन गर्ने सम्बन्धमा क्याम्पस र चितवन मेडिकल कलेज अस्पतालका प्रतिनिधिबीच छलफल भएको हो।

छलफलमा चितवन मेडिकल कलेज अस्पताल, भरतपुरका तर्फबाट अस्पताल प्रमुख डा. हरिश्चन्द्र न्यौपाने, इमर्जेन्सी विभागका डा. दामोदर लम्साललगायतको सहभागिता रहेको थियो ।




त्यस्तै, आदिकवि भानुभक्त क्याम्पसका तर्फबाट क्याम्पस प्रमुख महाप्रसाद हड्खले, सहायक क्याम्पस प्रमुख डा. रामकुमार अधिकारी तथा पब्लिक क्याम्पस प्राध्यापक संघ नेपाल, क्याम्पस इकाइका अध्यक्ष राजन घिमिरे सहभागी थिए ।

बालकुमारी क्याम्पस, नारायणगढका मुख्य प्रशासक चन्द्रकान्त पौडेलको संयोजनमा आयोजित छलफलमा बालकुमारी क्याम्पसका आइक्युएसी प्रमुख डा. श्याम सेडाइको समेत उपस्थिति रहेको थियो। शिविरमार्फत स्थानीय समुदायसहित सर्वसाधारणलाई विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण तथा आवश्यक स्वास्थ्य परामर्श उपलब्ध गराउने तयारी गरिएको क्याम्पस प्रमुख महाप्रसाद हड्खलले जानकारी गराए । क्याम्पसको ४०औँ वार्षिकोत्सवलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै समुदायको स्वास्थ्य सेवामा योगदान पुऱ्याउने उद्देश्यले शिविर आयोजना गर्न लागिएको हो ।

# पहाडी क्षेत्रमा जलसञ्चय : स्थानीय .......

मुस्ताङलाई 'सुक्खा जिल्ला'का रूपमा मात्र हेरेर बस्ने होइन, उपलब्ध पानी तथा चिस्यानलाई कसरी जोगाउने भन्ने सोच विकास गर्न सकियो भने त्यहाँका धेरै भूभागमा हरियाली विस्तार गर्न सकिन्छ । उदाहरणका लागि कागबेनीबाट पारिपट्टि हेर्दा एउटा स्थानमा सीमित मात्रामा भए पनि पानीको उपलब्धता र सम्भावना देखिन्छ । वर्षाका बेला त्यहाँ भल बग्छ, हिउँदमा केही हिउँ पनि पर्छ। त्यो पानी र हिउँलाई जोगाएर राख्ने पद्दति विकास गर्न सकियो भने अहिले देखिएको हरियालीको क्षेत्र र अवधि दुवै बढाउन सकिने सम्भावना देखिन्छ।

कागबेनीपारिको त्यो स्थान एउटा सानो उदाहरण मात्र हो । मुक्तिनाथ जाने बाटोको 'सेल्फीडाँडा' वरिपरि, लुप्रा गाउँ जाने बाटोको तल रहेको पाण्डा खोली किनार तथा लुप्रामाथि मुक्तिनाथतर्फ पैदल जाने बाटोछेउका चरन क्षेत्र र सुन्दर पाटनमा पनि स्थानीय भूगोल अनुकूल कृत्रिम ताल वा कुण्ड निर्माणको सम्भावना खोज्न सकिन्छ। यस्ता जलाशय निर्माण गर्दा ठूलो र खर्चिलो आयोजना नै चाहिन्छ भन्ने छैन । स्थानीय सामग्री, श्रम र भूगोलको उपयोग गरेर साना-साना जलाशयहरूको सञ्जाल (वेटल्यान्ड नेटवर्क) बनाउन सकिन्छ। एउटै ठूलो पोखरीभन्दा ठाउँअनुसार बनाइएका धेरै साना पोखरीले पनि दीर्घकालीन रूपमा ठूलो योगदान दिन सक्छन् भन्ने कुरा भारतलगायत अन्य देशका उदाहरणहरूले देखाएका छन् ।

मुस्ताङको दृष्टान्तलाई अन्य पहाडी तथा हिमाली जिल्लामा पनि विस्तार गर्न सकिन्छ । जहाँ वर्षाको पानी तीव्र गतिमा बगेर जान्छ, त्यहाँ सम्भाव्यता अध्ययन गरेर पानी रोक्ने संरचना (ढुङ्गे ड्यामहरू) बनाउन सकिन्छ । चरन क्षेत्र, पाटन, वनक्षेत्र र बस्ती आसपासमा आवश्यकताअनुसार पोखरी तथा कुण्ड निर्माण गर्न सकिन्छ। यसले पानीको उपलब्धता बढाउनुका साथै स्थानीय वनस्पति, पशुपालन र समग्र जैविक विविधता तथा 'इकोसिस्टम' को विकास एवं संरक्षणमा पनि योगदान पुऱ्याउँछ ।

**अब 'पोखरी दशक'को संकल्प**

माथिको छलफल र दृष्टान्तका आधारमा नेपालमा अबको दशकलाई 'पोखरी दशक' का रूपमा अघि बढाउने हो कि भन्ने विषयमा गम्भीर बहस गर्नुपर्ने बेला आएको महसुस भएको छ। स्थानीय अनुकूलन कार्यक्रम, जलवायुमैत्री विकास तथा जलवायुजन्य विपद्बाट मुक्ति पाउने अभियानलाई जलसञ्चयसँग जोड्नु अपरिहार्य छ । पहाड र हिमाली क्षेत्रमा मात्र होइन, चुरे, भावर र मधेस-तराई क्षेत्रमा पनि ताल, पोखरी, कुण्ड तथा सिमसार निर्माण र संरक्षणको अभियान चलाउन आवश्यक छ । तराईका ट्यबवेल र इनारमा पानीको सतह घटेको, कतिपय ठाउँमा सुक्दै गएका समाचार हामी नियमित सुन्दै र पढ्दै आएका छौं। यसको दीर्घकालीन समाधानमध्ये भूमिगत पानीको पुनर्भरण र वर्षाको पानी संरक्षण अत्यन्त महत्वपूर्ण र व्यावहारिक उपाय हो ।

सरकारी कार्यक्रमलाई पनि यही दिशामा पुनःसंरचना गर्न सकिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत झारपात उखेलेर, सडक बढारेर वा क्षणिक प्रकृतिका काममा मात्र श्रम खर्च गर्नुभन्दा पछिल्ला पुस्तासमेत लाभान्वित हुने जलसञ्चयका संरचना निर्माणमा जनशक्ति परिचालन गर्नु बढी समसामयिक र दूरदर्शी हुनसक्छ । पोखरी खन्ने, पुराना पोखरी पुनर्जीवन गर्ने, जलाधार संरक्षण गर्ने, सिमसार क्षेत्र विस्तार गर्ने र पानीका मुहान संरक्षण गर्ने कामलाई रोजगार तथा विकास कार्यक्रमसँग जोड्नसक्ने प्रशस्त सम्भावना छ ।

यस अभियानमा पालिका र प्रदेशबीच स्वस्थ प्रतिस्पर्धासमेत गराउन सकिन्छ । कुन पालिकाले आफ्नो भूगोलअनुसार बढी प्रभावकारी पोखरी निर्माण गऱ्यो? कहाँ सुकिसकेको मुहान पुनर्जीवित भयो? कुन पालिकाले बढी क्षेत्रफलमा सिमसार संरक्षण गऱ्यो? कुन प्रदेशले पानी संरक्षणबाट कृषि, वन र जैविक विविधतामा उल्लेखनीय सुधार ल्यायो? यस्ता सूचकका आधारमा उत्कृष्ट पालिका र प्रदेशलाई प्रोत्साहन गर्ने व्यवस्था गर्न सकिन्छ।

विश्व अनुभवले भन्छ, स्रोत व्यवस्थापनको पहिलो आधार नै पानी व्यवस्थापन हो । पानी प्राप्ति र पानीको संरक्षणविना विकासका अन्य धेरै प्रयास अधुरा हुन्छन्, असम्भव हुन्छन् । हाम्रो इतिहाससमेत पानीसँग जोडिएको छ । पानीकै खोजीमा हाम्रा बाजे-बराजु कोही पूर्वबाट पश्चिमतर्फ, कोही पश्चिमबाट पूर्वतर्फ, कोही उत्तरबाट दक्षिणतर्फ सरे । पानी, उर्वर भूमि र जीवनको सम्भावना खोज्दै भएका त्यस्ता बसाइँसराइले नै आज हामीलाई विभिन्न भूगोल, संस्कृति र विविध पहिचानले चिनाएको यथार्थ कसैले नकार्न सक्दैन ।

**निष्कर्ष**

अब हाम्रा सन्ततिले पानीको खोजीमा आफ्नै थातथलो छोडेर हिँड्नुपर्ने अवस्था नआओस् । त्यसका लागि आजैदेखि पानीको सम्मान, संरक्षण र सञ्चय गर्नुपर्छ। बगेर जाने पानीलाई रोकौँ, सुक्दै गरेका मुहानलाई जोगाऔँ, पोखरी र कुण्ड बनाऔँ, सिमसार क्षेत्र विस्तार गरौँ र हाम्रा डाँडाकाँडा तथा पाखापखेरालाई चिस्यानयुक्त र हरितमय बनाऔँ । यही हरित वातावरणमा नै धेरै कुरा सम्भव छ । पर्यटनको अपार सम्भावना यसमै लुकेको छ । समग्रमा, 'हरित अर्थतन्त्र' पनि यसमै जाग्नेछ, टिक्नेछ ।

जलवायु परिवर्तन रोक्ने विश्वव्यापी वा राष्ट्रव्यापी प्रयास सानै स्तरबाट भए पनि पालिकापालिका र वडावडाबाट जोडतोडका साथ थालिनु आवश्यक छ । तर त्यससँगै यी स्थानीय तहमा जलवायु परिवर्तनका असर सामना गर्न क्षमता बढाउनु पनि उत्तिकै आवश्यक छ । त्यसको सुरुआत पानीबाट गरौँ । हरेक पालिकाले जलसञ्चयको योजना बनाओस्, हरेक प्रदेशले त्यसलाई अभियानका रूपमा अघि बढाओस् र नेपालले आगामी दशकलाई 'पोखरी दशक' घोषणा गरी कार्यान्वयन गरोस्। समय घर्किसकेको छ । भोलि मुहान सुकिसकेपछि पोखरी खोज्नुको अर्थ हुँदैन । आज पानी बगिरहेको छ, आजै त्यसलाई जोगाउनुपर्छ । हाम्रा बस्ती, खेती, वन, वन्यजन्तु र भावी पुस्ताको भविष्य पानीसँग जोडिएको छ । सबैलाई चेतना भया । रासस

(लेखक स्रोत व्यवस्थापन तथा पर्यटन विशेषज्ञ हुनुहुन्छ)


## मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौः मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter



Sanjeev
x.com/sanpokh

वालेन नेतृत्वको सरकारको असफलता र निकासका सम्भावित परिदृष्य

अर्थतन्त्रका समस्या जटिल बन्दैगर्दा र डेलिभरीका सबै क्षेत्रमा सरकारको असफलता चुलिँदै जाँदा सबैको मनमा यस्तो प्रश्न उठ्नु स्वभाविक हो-आकाश खुल्दै गएपछि र नजिकै आएका चाडबाड सकिएपछि राजनीतिले कस्तो बाटो लेला !? रवि लामिछानेले सरकारको जतिसुकै बचाउ गरिरहे पनि आफ्ना कमजोर तर्कहरूले लामो समयसम्म काम नगर्ने उनलाई पक्कै थाह छ । सरकारको प्रभावकारिता तीव्र गतिमा घट्दै जाँदा सरकारको बचाउ गरिरहनु आनो साख गुमाउनु हो भन्ने उनले पक्कै बुझ्फेका छन्! त्यसैले, संसद्मा सबैभन्दा ठुलो दलको सभापतिका रूपमा उनी भविष्यमा पनि हिजोआजको जस्तै निरीह भएर बस्लान् जस्तो मलाई लाग्दैन ।

प्रधानमन्त्रीका बेलाबखतका टिप्पणी र हाउभाउ हेर्दा प्रस्ट देखिएको कुरा के हो भने रास्वपाको विशाल जनमतलाई उनले आफूले व्यक्तिगत रूपमा पाएको जनमत ठानेका छन् । उनका दृष्टिमा रास्वपाका सबै सांसद् माध्यम मात्र हुन् । रास्वपाप्रति प्रधानमन्त्रीको सम्मान नहुनुको कारण पनि यही हो भनेर बुझ्न गाऱ्हो छैन । यसका अतिरिक्त उनको व्यक्तित्व अरूको आलोचना सुन्ने वा मनन गर्ने प्रकृतिको छैन । त्यसैले, सरकारको आलोचना तीव्र बन्दै जाँदा उनले पनि आफूमाथि आएको दबाबलाई कसरी निस्तेज बनाउने भनेर पक्कै सोचेका होलान् ।

प्रतिपक्षी दलका केही सांसद् आफ्नो भूमिकामा प्रभावकारी देखिएका छन् । तर, प्रतिपक्षी दलको नेतृत्व कलाहीन जोकरहरूको हातमा छ । माओवादी र एमालेका गतिविधिप्रति आम मानिसको चासो घृणाका लागि मात्र बाँकी छ । नेपाली कांग्रेस केही हदसम्म यसको अपवाद होला । तर, कांग्रेस एक्लैले पनि सरकारको अकर्मण्यतालाई लिएर कुनै सशक्त प्रतिरोध गर्नसक्ने क्षमता राख्दैन । पहिलो त यसका लागि उसँग उल्लेख्य जनमत छैन । यसका अतिरक्त कांग्रेसको नेतृत्व राष्ट्रिय राजनीतिका मूल मुद्दाको साटो हास्यास्पद रूपमा नेता व्यवस्थापन र मानपदवी वितरणको गोलचक्करमा फसेको छ ।

त्यसैले, अबको 'टक्कर' रवि र वालेनका बिच नै हुने हो भन्ने कुरा अफ्नयल कभलकभ भएका सबैले बुझेका छन् ।

रवि र बालेनका बिचको टक्करमा तीन फ्याक्टर महत्वपूर्ण छन्। पहिलो फ्याक्टर हो रवि मुछिएका मुद्दामामिला । दोस्रो, धेरै मानिसले शंका गर्ने गरेको वालेन शाह र नेपाली सेनाबिचको मधुर सम्बन्ध । र, तेस्रो फ्याक्टर हो रास्वपाका सांसद्हरूको यिथबतिथ कसप्रति हो र हुनेछ ? भन्ने प्रश्न ।

रवि लामिछाने मुछिएका मुद्दाको कानुनी पक्षबारे म टिप्पणी गर्न सक्दिन । राजनीतिक रूपमा हेर्दा मलाई कस्तो लाग्छ भने रवि लामिछानेले अहिलेको सरकारको असफलताको समाधान दिने विकल्पका लागि उनकै नेतृत्वमा सरकार बन्नुपर्छ भन्नेमात्र होइन। मलाई लाग्छ नेपाली सेनाले कमसे कम वालेनको काँध थाप्ने मुर्खता गर्नेछैन । यसका दुई कारण छन् । पहिलो कारण के भने सरकारको नेतृत्व गरेको आधा वर्ष नपुग्दै वालेनको लोकप्रियता रकेट गतिमा खसेको छ । सेनाले बुझेको हुनुपर्छ कि वालेन-सुधनलाई काँधमा बोकेर लामो दुरीको यात्रा तय गर्न सकिन्न । दोस्रो कारण नेपालको नजिकको अतित नै हो जसमा सेनालाई अघि सारेर शासन चलाउन गरिएका प्रयास पूर्णरूपमा असफल भएका थिए । सेना सर्वेसर्वा भएका अन्य मुलुकमा जस्तो राजनीति चलाउन चाहिने संगठनात्मक र रणनीतिक क्षमता सौभाग्यवश नेपाली सेनासँग छैन। छ महिने शासन चलाएर फेरी अर्कोपटक विवादमा फस्ने मुर्खता नेपाली सेनाले गर्ला भन्ने मलाई विश्वास छैन ।

बाकी रहयो सांसद्हरूको लोयल्टीको प्रश्न । सांसद्हरूको मोह सत्तासँग हुनु स्वभाविक हो । त्यसमाथि रास्वपाका कतिपय सांसद् लामो समयदेखि वालेन शाहसँग नजिक रहेर काम गरेका मानिसहरु छन्। तर, मलाई लाग्छ राजनीतिमा लोयल्टी तरल हुन्छ। वालेन शाह सरकार चलाउने भूमिकामा जति कमजोर हुँदै जान्छन् उनीप्रतिको लोयल्टी पनि त्यति नै कमजोर हुँदै जान्छ । यस सन्दर्भमा विचार गर्नुपर्ने अर्को कुरा के छ भने अरूसँग संवाद गर्ने, convince गर्ने वा सम्झौता गर्ने क्षमता वालेन शाहसँग छैन। उनलाई केवल गद्दीमा बस्ने रहर छ र आफ्नो अलौकिक क्षमताबाट सबै कुरा स्वतः ठिक ठाउँमा आउँछन् भन्ने विश्वास छ। त्यसैले, उनका पक्षमा सांसद्हरूको ठुलो समूह टिकिरहन्छ भन्ने मलाई लाग्दैन ।

त्यसैले, आजका सबै प्रश्नहरूमध्ये सबैभन्दा ठुलो प्रश्न यही हो- वालेन शाहको असफलताको निकासका रास्वपाका सभापति रवि लामिछानेले कस्तो कदम कहिले उठाउलान् ?!

भविष्य सधैं अनिश्चित हुन्छ । अनुमानहरु सधैं अपूर्ण नै हुन्छन् । भविष्यका घटनाको अनुमानको पहिलो औचित्य वर्तमानको परिस्थितिलाई बुझ्ने र मनन गर्ने हो । दोस्रो औचित्य सम्भावित संकटका लागि तयार रहने हो ।

मलाई लाग्छ नेपालको राजनीति एउटा निकै ठुलो राजनीतिक संकटतर्फ उन्मुख छ र यसको क्षति कम गर्न रास्वपाले सुझबुझपूर्ण तयारी गर्न आवश्यक छ ।

नोटः धेरै टिप्पणीकर्ताहरूले मेरा ट्विटमा वालेन शाहलाई काम गर्न दिनुपर्ने र उनको नेतृत्वको सरकारको विकल्पका बारेमा सोच्ने बेला भइनसकेको तर्क राख्ने गर्छन् । ती तर्कको म सम्मान नै गर्छु। मेरो ब्लग कुन बुझाइमा आधारित छ भने वालेन शाहले राम्रोसँग सरकार चलाउने सम्भावना कहिल्यै थिएन, र भविष्यमा पनि छैन । तर, यो बुझाइमा म गलत हुनसक्छु ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : व्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४